श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४७।२।१४ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्रांकित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।

| क्र. सं. | नाम र थर | साबिक पद र कार्यालय | हाल पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री बद्रीबहादुर कार्की | ग्याजेटेड सुब्बा, (शा. अ.) शाही नेपाली सैनिक विमान सेवा । | राजपत्रांकित तृतीय श्रेणी, जलस्रोत मन्त्रालय वा अन्तर्गत । |
| २. | श्री ध्रुवराज पन्त | शाखा अधिकृत, वाणिज्य कार्यालय, विराटनगर । | राजपत्रांकित तृतीय श्रेणी, मन्त्रिपरिषद् सचिवालय वा अन्तर्गत । |
| ३. | श्री चन्द्रकुमार घिमिरे | शाखा अधिकृत, सीमा प्रशासन शाखा, मुस्ताङ । | राजपत्रांकित तृतीय श्रेणी, आवास तथा भौतिक योजना मन्त्रालय वा अन्तर्गत । |

आज्ञाले,
ठाकुरप्रसाद पाण्डे
उपसचिव

## भूलसुधार

श्री ५ महाराजाधिराज सरकारबाट २०४६ साल पौष २६ गतेदेखि २०४६ साल चैत्र ६ गतेसम्म गरिबक्सेको नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्रको भ्रमणको शुभ अवसरमा आ-आफ्नो क्षेत्रमा कर्तव्यनिष्ठ रही इमान्दारीपूर्वक काम गरे बापत विभिन्न महानुभावहरूलाई मानपदवी, अलङ्कार तथा पदक प्रदान गरिबक्सेको श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको २०४६ साल चैत्र १७ गतेको खण्ड ३९ अतिरिक्ताङ्क ६५ (अ) को राजपत्रमा प्रकाशित सूचनामा निम्नानुसारको भूलसुधार गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. महेन्द्ररत्न भूषण महलको क्रमसंख्या ४ मा "प्रधानपञ्च श्री सच्चिदानन्द शुक्ल, मिल्मी गाउँ पञ्चायत, कपिलवस्तु" हुनुपर्नेमा मिल्मा गाउँ पञ्चायत हुन गएकोले मिल्मी गाउँ पञ्चायत गरिएको छ ।

२. समाजसेवा पदक महलको क्रमसंख्या ११ मा "स्थानीय विकास अधिकारी श्री वासुदेव बराल जिल्ला पञ्चायत सचिवालय गोरखा" हुनुपर्नेमा सेवा पदक महलको क्रमसंख्या ११ मा रहन गएको हुनाले समाज सेवा पदक महलको क्रमसंख्या ११ क. मा राखिएको छ ।

३. सेवा पदक महलको क्रमसंख्या १६६ मा "कृषक (सुन्तला) श्री ईश्वरी पाण्डे आत्राङ गा. पं. वडा नं. २ गोरखा" हुनुपर्नेमा श्री ईश्वरीप्रसाद पाण्डे हुन गएकोले श्री ईश्वरी पाण्डे गरिएको छ ।

प्रेस सूचना विभाग

## भूलसुधार

खण्ड ३९ मिति २०४६।१२।१७ नेपाल राजपत्रको अतिरिक्ताङ्क ६५ (अ) मा प्रकाशित श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको सूचनामा निम्नानुसारको भूलसुधार गरिएको छ ।

१. सेवा पदक महलको क्रमसंख्या ७६ मा "जिल्ला न्यायाधीश श्री विनोदप्रसाद ढुङ्गेल, जिल्ला अदालत, नवलपरासी" हुनुपर्नेमा न्यायाधीश श्री विनोदप्रसाद ढुङ्गल हुनगएकोले न्यायाधीश श्री विनोदप्रसाद ढुङ्गेल गरिएको छ ।

२. सेवा पदक महलको क्रमसंख्या ९४ मा "प्रधान अध्यापक श्री हरिदत्त सुवेदी, श्री प्रकाश माध्यमिक विद्यालय, अर्युङ्गे, स्याङ्जा" हुनुपर्नेमा अर्युङ्ग हुनगएकोले अर्थुङ्गे गरिएको छ ।

३. सेवा पदक महलको क्रमसंख्या १०० मा "प्रधान अध्यापक श्री गोपालकुमार श्रेष्ठ, श्री रम्भा माध्यमिक विद्यालय, ताहु, पाल्पा" हुनुपर्नेमा तनहुँ हुनगएकोले ताहु गरिएको छ ।

मुद्रण तथा प्रकाशन विभाग

६८



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।